॥ श्री ॥

# सुनसरी जिल्ला अदालत
## इनरुवा, सुनसरी

फ्याक्स नं. ०२५-५६०१९४
फोन नं. ०२५-५६०९५२
Email-info.dcsunsari@supremecourt.gov.np

प.सं.- ०७७/०७८ मिति: २०७८/१/३०

च.नं. १५८४

**सूचना! सूचना!! सूचना!!!**

विश्वभर फैलिदै गइरहेको नयाँ भेरियन्टको कोभिड-१९ महामारी नेपालमा समेत फैलिएको र पछिल्ला दिनहरुमा सुनसरी जिल्ला अदालतमा समेत संक्रमण तिव्र रुपमा बढिरहेको हुँदा उक्त संक्रमणको रोकथाम र नियन्त्रणका लागि सुनसरी जिल्लाका प्रमुख जिल्ला अधिकारी तथा DCCMC को अध्यक्षतामा बसेको जिल्ला CCMC सुनसरीको मिति २०७८।१।२९ गतेको बैंठकबाट मिति २०७८।१।३१ गते शुक्रबार मध्य रातिदेखि मिति २०७८।२।१५ गतेसम्म निषेधाज्ञा जारी गर्ने निर्णय भएको जानकारी प्राप्त भएको र यस अदालतबाट प्रवाह हुने सेवामा समेत असर पर्ने देखिएकाले उक्त निषेधाज्ञाको अवधिभर यस अदालतबाट प्रवाह हुने सेवाहरु मध्ये देहायका सेवाहरु बाहेक अन्य सेवाहरु स्थगन गर्ने मिति २०७८।१।३० गतेको यस अदालतको पूर्ण वैठकबाट निर्णय भएको व्यहोरा सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**प्रवाह गरिने सेवाहरु:**

क. बन्दीप्रत्यक्षीकरण निवेदन दर्ता सुनुवाई,
ख. सरकारवादी हुने मुद्दामा अभियोगपत्र दर्ता, थुनछेक आदेश, पक्राउ पुर्जी CDR अनुमती र जरुरी पक्राउ पुर्जी समर्थन र म्याद थप,
ग. सजाय निर्धारणको सुनुवाई,
घ. मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५ बमोजिम सुविधा प्राप्त गर्न दिइने निवेदन,
ङ. नाबालक अभिभावकको जिम्मा लगाई पाउँ भन्ने सम्बन्धमा निवेदन,
च. फैसला अनुसारको लगत राख्ने कैद लगत दिने र कैद हद सम्बन्धी कार्य,
छ. घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६ को दफा ५ को उपदफा (२) बमोजिम आउने निवेदन दर्ता र तत्कालिन कारवाही,
ज. सरकारीवादी फौजदारी मुद्दामा प्रहरीद्वारा पक्राउ गरी ल्याएका फरार प्रतिवादीको हकमा थुनछेक प्रकृया प्रारम्भ गर्ने।

२. अदालतबाट कानून बमोजिम गणना हुने हद म्याद, म्याद र तारेख सो अवधिभर नगुज्रने।

३. अन्य कुराको हकमा सम्मानीत सर्वोच्च अदालतबाट ०७८-RE-०३९२/२०७६-WO-०९४४ मा मिति २०७७।२।१५ मा भएको आदेशानुसार हुने ।

२०७८।१।३०

नगेन्द्रकेशरी पोखरेल
स्रेस्तेदार उप-सचिव
श्रेस्तेदार
उप-सचिव